डाक्नेश्वरी नगरपालिका

# डाक्नेश्वरी नगरपालिकाको विनियोजन विधयेक, २०७९

स्वीकृत मितिः २०७९।०३।३१

**डाक्नेश्वरी नगरपालिका**

**पातो, सप्तरी**

**डाक्नेश्वरी नगरपालिकाको विनियोजन विधयेक, २०७९**

**डाक्नेश्वरी नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७८**

नगरसभाबाट स्वीकृत मितिः २०७८।०३।

**प्रस्तावना**

डाक्नेश्वरी नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम डाक्नेश्वरी नगरसभाले यो विधयेक बनाएको छ ।

१. **संक्षिप्त प्रारम्भः**

**(१)**यस ऐनको नाम**"डाक्नेश्वरी नगरपालिका विनियोजन ऐन, २०७९"**रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा

क. **नगर सभा** भन्नाले डाक्नेश्वरी नगरपालिकाको सभालाई संझनु पर्दछ ।

ख. **कार्यपालिका** भन्नाले डाक्नेश्वरी कार्यपालिकालाई संझनु पर्दछ ।

ग. **वडा समिति** भन्नाले डाक्नेश्वरी नगरपालिकाको वडा समिति संझनु पर्दछ ।

घ. **विषयगत शाखा** भन्नाले डाक्नेश्वरी नगरपालिका अन्तर्गतको शाखा, इकाई, कार्यालय तथा प्रशासनिक इकाई लाई समेत संझनु पर्दछ ।

ङ. **संचितकोष** भन्नाले डाक्नेश्वरी नगरपालिकाको संचित कोषलाई संझनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७९।०८० निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७९।७९को डाक्नेश्वरी नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुक ानिमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रु.९८८३००००।-(नौ करोड अठासी लाखतिसहजारमात्र) तथा पूँजिगत खर्च रु.२५८८६६०००।०० एवं सर्शत तर्फको जम्मा रु.२३४५०००००।-(वाईस करोड पचास लाख मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८को लागि डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुन सुकै कुरा लेखिएको भएता पनि नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखि नआएमा कार्यपालिकाले बचत हुने शीर्षक बाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मान बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्ती यव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविानको धारा २२९ (२) बमोजिम संचित कोषबाट खर्च हुने रकम (रुं हजारमा)

| | | | |
|---|---|---|---|
| १ | चालु खर्च | रु १०,७९,९५,०००/- | |
| पुँजीगत कार्यक्रम तर्फ | | | |
| | प्रकोप व्यवस्थापन कोष | रु २५,००,०००/- | |
| | विपद व्यवस्थापन विशेष कोष | रु ३५,००,०००/- | |
| | अनुदान तथा आर्थिक विपन्न सहायता कोष | रु २०,००,०००/- | |
| | आकस्मिक कोष | रु ३०,००,०००/- | |
| | समपुरक कोष | रु ८०,००,०००/- | |
| २२२३१ | नगरपालिकाको कार्यालय परिसरमा पार्क निर्माण तथा भवन निर्माण | रु ५०,००,०००/- | |
| २९३११ | फर्निचर तथा फिक्चर्स | रु २०,००,०००/- | |
| | सवारी साधन | रु १,००,००,०००/- | |
| | मेसिनरी औजार आदि | रु २५,००,०००/- | |
| २९६२१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | रु १३,९४,१८,०००/- | |
| २९७११ | पुँजीगत अनुसन्धान तथा परामर्श | रु २०,००,०००/- | |
| | अन्य फिर्ता | रु २,००,०००/- | |
| | साँवा , व्याज, ऋृण तथा अन्य | रु १,००,०००/- | |
| | पाजीगत तर्फको जम्मा खर्च | रु १७,९२,१८,०००/- | |
| | कुल चालु तथा पुँजीगत | रु २८,७२,१३,०००/- | |
| | संघिय शर्सत तर्फ | रु २५,१८,००,०००/- | |
| | संघिय समपुरक | रु ५०,००,०००/- | |
| | प्रदेश समपुरक र विशेष | रु ५०,००,०००/- | |

| | | | |
|---|---|---|---|
| | प्रदेश शसर्त | रु १,२५,००,०००/- | |
| | सामाजिक सुरक्षा | रु २०,००,००,०००/- | |
| | सडक वोर्ड | रु ५०,००,०००/- | |